राक्सिराङ्ग गाउँपालिका

# गाउँ कार्यपालिका

चैनपुर

बैठक संख्या : ४२

मिति : २०७६।१२।०९ गते आइतवार

आज मिति २०७६ चैत्र ०९ गते आइतबार दिनको ०२:०० बजे गांउँपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको ४२ औं बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री निर्मला हिम्डुङ | |
| ३ | सदस्य | श्री कान्छाराम रुम्बा, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री सुर्य बहादुर मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री बाबुलाल स्याङतान, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री चन्द्र सिंह प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री सिंगलाल प्रजा, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री कुल बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री रामकृष्ण प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सिमोन वि.क. | |
| १३ | सदस्य | श्री मैना कुमारी गोले | |
| १४ | सदस्य | श्री गौरीमाया स्याङतान | गौरी |
| १५ | सदस्य | श्री कर्ण कुमारी राउत | |
| १६ | सदस्य | श्री सुकमाया वि.क. | |
| १७ | सचिव | श्री [illegible] | |

प्रमुख प्रशासकिय अधिकृत

**२०७६ साल चैत्र ०९ गते आइतबारको दिन बसेको राक्सिराङ गाउँ कार्यपालिकाको बयालीसौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. विश्वव्यापी रुपमा फैलदै गएको कोरोना भाइरसको संक्रमणलाई रोक्न तथा नियन्त्रण गर्न र विपन्न परिवारलाई राहत उपलब्ध गराउन निम्न निर्णय गर्ने:

(क) कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गर्ने र सोही कार्यविधि वमोजिम कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण गर्न आवश्यक स्वास्थ्य सामाग्री तथा राहत प्यकेज समेत उपलब्ध गराउने ।

(ख) विपद् व्यवस्थापन कोषमा गाउँपालिकाको आन्तरिक श्रोत मध्येको रु. २५,००,०००। राख्ने र यो विषम परिसिथितिमा सहयोग गर्न इच्छुक व्यक्ति तथा संघसंस्थालाई सहयोगको लागि अपिल गर्ने ।

(ग) संघीय सरकारको अनुरोध वमोजिम २५ जना वा सो भन्दा बढी मानिसको सहभागिता हुने गरी कुनैपनि किसिमका राजनैतिक, सामाजिक, धार्मिक लगायतका कार्यक्रमहरु नगर्न, नगराउन स्थानीय जनतामा अनुरोध गर्ने ।

(घ) मनहरी खोला नाका, प्याङ्चे वजार लगायत मानिसहरुको आवतजावत वढी हुने नाकाहरुमा, गाउँपालिकाको कार्यालय र स्वास्थ्य संस्थाहरुमा हेल्थडेस्क स्थापना गर्ने । साथै कोरोना भाइरस संक्रमणको आशंका भएका विरामीहरुलाई अस्पतालसम्म चेकजाँच गर्न जानको लागि रु. ५००० सहित निशुल्क एम्वुलेन्स सेवा गाउँपालिकाले उपलब्ध गराउने ।

(ङ) यो विषम परिस्थितिमा नियमित स्वास्थ्य सेवा प्रभावकारी ढंगले प्रवाह गर्न, कोरोना रोकथाम तथा नियन्त्रण गर्न स्वास्थ्य तर्फका कर्मचारीहरुलाई नियमित उपस्थिति गराउन तथा विदा नदिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । साथै हेल्थडेस्क, स्वास्थ्य संस्था र गाउँपालिकाको कार्यालयमा खटिने स्वास्थ्यकर्मी लगाययतका कर्मचारीहरुलाई नियमानुसारको अतिरिक्त सुविधा उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

०७६।१२।०९

प्रमुख प्रशासकीय अधिकृत

**बैठक नं. ४२**

**राक्सिराङ्ग गाउँपालिका**

**गाउँ कार्यपालिकाको ४२ औं बैठकमा प्रस्तुत विश्वव्यापी रुपमा फैलदै गएको कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा नियन्त्रण र विपन्न वर्गलाई राहत वितरण गर्ने सम्वन्धी प्रस्ताव**

प्रस्ताव नं. : ०१

मितिः २०७६/१२/०९ गते आइतवार

**१. पृष्ठभूमी :**

सन् २०१९ को अन्तिम तिर चीनको वुहान क्षेत्रमा देखिएको कोरोना भाइरस (कोभिड १९) ले हालसम्म आइपुग्दा विश्वका शक्तिराष्ट्रहरु अमेरिका, चीन, इटाली, स्पेन, फ्रान्स लगायत करिव १०० भन्दा बढी राष्ट्रमा भयावह स्थिति श्रृजना गरिसकेको छ । नेपालको सन्दर्भमा संघीय सरकारले परीक्षाको मुखैमा आएर एस.ई.ई. परीक्षा अनिश्चित समयका लागि रोकी २५ जना भन्दा बढी व्यक्ति भेला नहुन तथा सुरक्षित भएर आफै क्वारेन्टीनमा वस्न अनुरोध गरिसकेको छ ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य :**

विश्व समुदायमा आएको यो विषम परिस्थितिमा कोरोना भाइरसलाई यस राक्सिराङ्ग गाउँपालिका क्षेत्रभित्र रोकथाम तथा नियन्त्रण गरी राक्सिराङ्गवासीको जीउधनको सुरक्षा गर्न तथा सुरक्षित ढंगले आ-आफ्नै घरमा सेल्फ क्वारेन्टीनमा वस्दा ज्याला मज्दुरी गरेर खाने विपन्न वर्गलाई खाद्यन्न राहत सहयोग गर्न अत्यावश्यक देखिएको छ ।

**३. निर्णयका आधार र कानूनी व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड "झ" मा "आधारभूत स्वास्थ्य सेवा र सरसफाई" खण्ड "न" मा "विपद् व्यवस्थापन" गर्ने जिम्मेवारी सम्वन्धित स्थानीय तहको रहने व्यवस्था रहेको छ ।

**४. निर्णय हुनुपर्ने व्यहोरा :**

अतः विश्वव्यापी रुपमा फैलदै गएको कोरोना भाइरसको संक्रमणलाई रोक्न तथा नियन्त्रण गर्न र विपन्न परिवारलाई राहत उपलब्ध गराउन निम्न निर्णय गर्ने:

(क) कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गर्ने र सोही कार्यविधि वमोजिम कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण गर्न आवश्यक स्वास्थ्य सामाग्री तथा राहत प्याकेज समेत उपलब्ध गराउने ।

(ख) विपद् व्यवस्थापन कोषमा गाउँपालिकाको आन्तरिक श्रोत मध्येको रु. २५,००,०००। राख्ने र यो विषम परिस्थितिमा सहयोग गर्न इच्छुक व्यक्ति तथा संघसंस्थालाई सहयोगको लागि अपिल गर्ने ।

(ग) संघीय सरकारको अनुरोध वमोजिम २५ जना वा सो भन्दा बढी मानिसको सहभागिता हुने गरी कुनैपनि किसिमका राजनैतिक, सामाजिक, धार्मिक लगायतका कार्यक्रमहरु नगर्न, नगराउन स्थानीय जनतामा अनुरोध गर्ने ।

(घ) मनहरी खोला नाका, प्याङ्चे वजार लगायत मानिसहरुको आवतजावत वढी हुने नाकाहरुमा, गाउँपालिकाको कार्यालय र स्वास्थ्य संस्थाहरुमा हेल्थडेस्क स्थापना गर्ने । साथै कोरोना भाइरस संक्रमणको आशंका भएका विरामीहरुलाई अस्पतालसम्म चेकजाँच गर्न जानको लागि रु. ५००० सहित निशुल्क एम्बुलेन्स सेवा गाउँपालिकाले उपलब्ध गराउने । ~~सक्सिराङ्ग स्वास्थ्य~~

(ङ) यो विषम परिस्थितिमा नियमित स्वास्थ्य सेवा प्रभावकारी ढंगले प्रवाह गर्न, कोरोना रोकथाम तथा नियन्त्रण गर्न स्वास्थ्य तर्फका कर्मचारीहरुलाई नियमित उपस्थिति गराउन तथा विदा नदिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । साथै हेल्थडेस्क, स्वास्थ्य संस्था र गाउँपालिकाको कार्यालयमा खटिने स्वास्थ्यकर्मी लगाययतका कर्मचारीहरुलाई नियमानुसारको अतिरिक्त सुविधा उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने ।**

| | | | |
|---|---|---|---|
| (सुकमाया वि.क.) कार्यपालिका सदस्य | (कर्ण कुमारी राउत) कार्यपालिका सदस्य | (गौरीमाया स्याङ्तान) कार्यपालिका सदस्य | (मैना कुमारी गोले) कार्यपालिका सदस्य |

| | | | |
|---|---|---|---|
| (सिमोन वि.के.)<br>कार्यपालिको सदस्य | (कान्छीराम रुम्बा)<br>वडा अध्यक्ष | (सुर्य बहादुर मुक्तान)<br>वडा अध्यक्ष | (बाबुलाल स्याङतान)<br>वडा अध्यक्ष |
| (सजय कोइराला)<br>वडा अध्यक्ष | (चन्द्र सिंह प्रजा)<br>वडा अध्यक्ष | (सिंगलाल प्रजा)<br>वडा अध्यक्ष | (कुल बहादुर प्रजा)<br>वडा अध्यक्ष |
| (रामकृष्ण प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष | (निर्मला हिम्दुङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष |